# सिस्ने गाउँपालिकामा जलस्रोतको सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली-२०७७

**प्रस्तावनाः**

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधार, भू संरक्षण, मुहान संरक्षण, खानेपानी, सिचाई, साना जलविद्युत, जल उपयोग एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापन सम्बन्धमा सिस्ने गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने कानून व्यवस्था गर्न बाञ्छनीय भएकोले सिस्ने गाउँपालिकाको मिति २०७७/०६/२५ को बैठकले सिस्ने गाउँपालिकाको जलस्रोत नियमावली २०७७ जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यो नियमावलीको नाम सिस्ने गाउँपालिको जलस्रोत नियमावली २०७७ हरेको छ ।

२) यो नियमावली राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

क. जलस्रोत भन्नाले सिस्ने क्षेत्रभित्रको भू सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

ख. लाभदायिक उपयोग भन्नाले साधन र स्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ।

ग. अनुमति प्राप्त व्यक्ति भन्नाले नियमावलीको दफा १५ १७ र २० बमोजिम अनुमति प्राप्त व्यकित वा संगठित संस्था सम्झनुपर्छ।

घ. उपभोक्ता संस्था भन्नाले दफा ४ बमोजिम गठित जलउपभोक्ता संस्था सम्झनुपर्छ।

ङ. गाउँ जलस्रोत समिति भन्नाले दफा ३० बमोजिमको गाउँ जलस्रोत समिति सम्झनुपर्छ।

च. अनुपति पत्र भन्नाले दफा १५ १७ र २० बमोजिम दिईने अनुमतिपत्र सम्झनुपर्छ।

छ. सर्भेक्षण भन्नाले जलस्रोतको उपयोगका लागि गरिने संभाव्यता अध्ययन विस्तृत ईन्जिनियरिङ्ग डिजाइनको कार्न र त्यसका लागि गरिने अन्वेषण कोर्न समेत सम्झनुपर्छ।

ज. उपभोक्ता भन्नाले जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनुपर्छ।

झ. सेवा शुल्क भन्नाले नेपाल सरकार प्रदेश सरकार तथा गाउँपालिका वा अनुमति पत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ।

ञ. गाउँपालिका भन्नाले सिस्ने गाउँपालिका सम्झनुपर्छ।

ट. गाउँ कार्यपालिका भन्नाले सिस्ने गाउँकार्यपालिका सम्झनुपर्छ।

ठ. अध्यक्ष भन्नाले सिस्ने गाउँपालिका अध्यक्ष सम्झनुपर्छ।

ड. उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

ढ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

## परिच्छेद -२

## जलस्रोत स्वामित्व सम्बन्धी व्यवस्था

**३. जलस्रोत स्वामित्वः**

१) सिस्ने गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व गाउँपालिकामा निहित रहनेछ।

२) प्रचिलित संघीय प्रदेश तथा गाउँपालिकाको कानून बमोजिम गाउँपालिकाको जलस्रोतको उपयोग तथा व्यवस्थापन गर्ने अधिकार गाउँपालिकामा रहनेछ।

## परिच्छेद-३

## उपभोक्ता सम्बन्धी व्यवस्थाः

**४. जल उपभोक्ता संस्थाको गठनः**

१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन।

२) उपनियम-१ बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउँ जलस्रोत समिति समक्ष दर्ता गराउनुपर्नेछ।

३) उपनियम-२ बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नु पर्नेछ।

क. पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको।

ख. संस्थाको विधान एक प्रति

ग. अनुसूचि-१ बमोजिमको निवेदन

घ. आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर

५. **<u>उपभोक्ता संस्थाको दर्ताको लागि दरखास्त दिनुपर्नेः</u>** नियम ४ को (३) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ता मध्ये कम्तिमा सात जना उपभोक्ताहरुले अनुसूचि-१ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र तोकिएको दस्तुर सहित गाउँ जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ।

६. **<u>विधानमा खुलाउनुपर्ने विवरणहरुः</u>** नियम ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायको विवरणहरु खुलाउनुपर्नेछ।

क. पूरा नाम र ठेगाना

ख. उद्देश्य तथा कार्यक्षेत्र

ग. सदस्यको लागि योग्यता तथा सदस्यतका शुल्क

घ. सदस्यको निष्काशन र राजिनामा

ङ. हकदावी नामासारी वा हकवालाको मनोनयन

च. साधारण सभा सम्बन्धी व्यवस्था

छ. सञ्चालक समिति गठन निर्वाचन काम कर्तव्य अधिकार सम्बन्धी

ज. सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था

झ. संचालक समितिको बैठक सम्बन्धी कार्यविधि

ञ. कोष तथा लेखापरीक्षण

ट. विधान संशोधन

ठ. विघटन

ड. विविध

७. **<u>उपभोक्ता संस्था संगठित संस्था हुनेः</u>**

१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

२) उपभोक्ता संस्थाको सबै कामकारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न बेच विखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ।

४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

८. **<u>दर्ता र प्रमाणपत्रः</u>**

१) नियम ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसुची २ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

२) उपनियम १ बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले पैतीस दिनभित्र सो कुराको सूचना दिनपर्नेछ।

३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै नियमावली बमोजिम दर्ता भएको मानिनेछन।

९. **विधान संशोधनः**

१) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउँनेछैन ।

२) उपनियम १ बमोजिम विधान संशोधन सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद-४

## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

१०. **जलस्रोतको उपयोगः**

१) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउनेछैन।

२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनमति लिनुपर्ने छैन र अनुमित लिन चाहेमा यस नियमले बाधा पुर्याएको मानिने छैन।

क. व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निम्ति खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्ने।

ख. व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न।

ग. घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन।

घ. व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न।

ङ. जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सिमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न।

३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संङ्गठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ।

११. **जलस्रोत उपयोगको प्राथमिकताक्रमः**

१) जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ।

**क.** खानेपानी र घरेलु उपयोग

**ख.** सिंचाई

**ग.** पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

**घ.** जलविद्युत

**ङ.** घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग

**च.** जल यातायात

**छ.** आमोद प्रमोदजन्य उपयोग

**ज.** अन्य उपयोग।

२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत उपयोग जाँचबुझ समितिले उपनियम १ को प्राथमिकताक्रम दफा १० को उपनियम ३ बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

३) उपनियम-२ बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ।

४) उपनियम-२ बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि नियम ४२ (३) मा तोकिए बमोजिम हुनेछ।

**१२. <u>अनुमतिपत्रको व्यवस्था:</u>**

१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक प्रविधिक र वातावरणीय अध्यायन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरणहरु खुलाई गाउँ जलस्रोत समिति समक्ष अनुमति पत्रको लागि दरखास्त दिनुपर्नेछ तर जलस्रोत सर्वेक्षण र नियम १० को २ बमोजिम उपयोगका लागि अनुमतिपत्रको लागि दरखास्त दिँदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन।

२) उपनियम-१ बमोजिम परेको दरखास्तमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा १५ दिन भित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हममा ३० दिन भित्र उपनियम १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवाला लाई अनुमतिपत्र दिनुपर्नेछ।

३) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नेपाल सरकार प्रदेश सरकार र गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउँनुपर्नेछ।

४) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँ जलस्रोत समितिबाट तोकिए बमोजिम स्वीकृति लिनुपर्नेछ।

**१३. <u>जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने:</u>**

१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूचि ३ बमोजिम ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरु खुलाई गाउँ जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फारम दिनुपर्नेछ ।

**क.** परियोजनाको विवरण

**ख.** परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने)

**ग.** पानीको स्रोत र उपयोग हुने पानीको परिमाण

**घ.** परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम

**ङ.** सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र

**च.** परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत)

**छ.** मुहान रहेको क्षेत्रको चार किल्ला तथा अन्य आवश्यक कुराहरु ।

२) उपनियम-१ बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ८ मा उल्लेखित भए अनुसार सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनु पर्नेछ।

**१४. <u>दरखास्त उपर जाँचबुझः</u>**

१) नियम १३ बमोजिम दरखास्त परेपछि नियमावली बमोजिम दरखास्त वालाले दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

२) उपनियम-१ बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा माफिकको म्याद तोकी दरखास्त परेको सात दिनभित्र सूचना दिनुपर्नेछ।

३) उपनियम-२ बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै नियमावलीको नियम-१३ को उपनियम-२ को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ।

**१५. <u>सर्वेक्षण अनुमति पत्र दिने:</u>** नियम १३ वमोजिम परेको दरखास्त उपर नियम १४ बमोजिम गाउँ जलस्रोत समितिले आवश्यक जाँचबसझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संसोधन समेत गरी अनुसूचि-४ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र जदनुपर्नेछ।

१६. **<u>सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्ने:</u>** नियम १५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले १५ दिनभित्र आफुले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन गाउँ जलस्रोत समिति समक्ष पेश गर्नुपर्नेछ।

**१७. <u>जलस्रोत उपयोग अनुमतिः</u>**

(१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ती वा संगठित संस्थाले अनुसूची ५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरु खुलाई गाउँ जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनुपर्नेछ।

(क) परियोजनाको विस्ततृ विवरण परियोजना स्थलको नक्शाको उपयोग गरिने पानीको स्रोत परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र लागत परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ती वा संगठित संस्था तथा त्यस्तो संस्थाको सञ्चालकहरुको नाम थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(ख) सम्भाव्यताको विश्वेषण परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्वेषण र उपभोक्ताहरुको विवरण।

(ग) वित्तिय व्यवस्था परियोजनाको अनुमानित वित्तिय व्यवस्था परियोजनाका लगानीकर्ताहरुको आर्थिक हैसियत परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तिय संस्थाहरुको प्रतिवद्धता र लगानीयकर्ताहरुले दायित्व तथा शेयर पुँजी र ऋणको प्रतिशत।

(घ) घर जग्गाको उपयोग वा प्राप्ति परियोजनाको निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत

(ङ) वातावरणीय प्रभाव विश्लेषण परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्युनतम गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु परियोजनाले सम्बन्धित क्षेत्रमा पार्ने सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग परियोजना सम्बन्धी कार्य पुरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिईने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजनाहरु सञ्चालनबाट सबम्न्धित जग्गा धनीहरुलाई पर्न सक्ने असर विस्थापित जनसंख्याको लागत र तिनिहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ।

(च) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम( १) मा जुनसुकै कुरा लेखिएतापनि नियम( १०) को( २ )बमोजिमको (१) मा जुनसुकै कुरा लेखिएतापनि नियम (१०) को (२) बमोजिमको प्रयोजनका लागि उपनियम (१) को (ग),(घ),(ङ), बमोजिमको विवरण पेश गर्न अनिवार्य हुनेछैन ।

**१८. <u>दरखास्त उपर जाचँबुझः</u>**

(१) नियम (१७) बमोजिम दरखास्त प्राप्त भएपछि निर्देशिका बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाचँबुझ गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात विवरण नपुगेमा गाउँ जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले १५ दिनभित्र सो कुरा सूचना दिनु पर्नेछ।

(३) उपनिय (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नियमावलीको उपनियम (२) प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ।

**१९. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः**

(१) नियम (१७) बमोजिम जलस्रोतको उपयोग अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँ जलस्रोत समितिले १८ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाइ सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) उपनिय (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसंग सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकुल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितले १५ दिनभित्र सम्बन्धित गाउँ जलस्रोत समिति समक्ष जोसुकैले पनि जानकारी दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँ जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिदाँ तोकी दिनेछ।

२०. **अनुमतिपत्र दिनेः** नियम १७ बमोजिमको दरखास्त उपर नियम १९ बमोजिमको कार्विधि पूरा गरी गराई गाउँ जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-६ बमोजिम ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोग सम्बन्धी अनुमतिपत्र दिनुपर्नेछ।

२१. **सर्वेक्षणको अनुमति पत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनेः** (१) नियम १५ बमोजिम सर्वेक्षणको अनुमति प्राप्त व्यक्तिले आफूले गर्को सर्वेक्षण बमोजिम जलस्रोत उपयोग सम्बन्धि कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पूरा गर्नुपर्ने म्याद भित्र नियम १७ बमोजिमका विवरणहरु खुलाई दरखास्त दिएमा यस निर्देशिकाको अन्य व्यवस्थाहरुको अधीनमा रही दरखास्तवालालाई प्राथमिकताकासाथ नियम २० बमोजिम जलस्रोत उपयोगको अनुमति पत्र दिन सकिनेछ।

२२. **जलस्रोत माथि अधिकार कायम हुनेः** यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोही अनुमति पत्रमा तोकिएको स्थान र क्षेत्रसम्म जलस्रोतको उपयोग गर्न अधिकार प्राप्त हुनेछ।

२३. **कार्य शुरु गर्नुपर्ने अवधिः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गर्को मितिले सर्वेक्षणको हकमा तीन महिनाभित्र र जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्षभित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी सम्बन्धीत गाउँ जलस्रोत समितिलाई दिनु पर्नेछ।

तर म्यादभित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा गाँउ जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म गाउँ जलस्रोत सहमति समक्ष पठाउनुपर्नेछ।

२४. **<u>नयाँ अनुमति पत्र लिनुपर्नेः</u>**

(१) नियमावली प्रारम्भ हुनु अगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम १७ मा उल्लेखित विवरणहरु खुलाई नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँ जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत सहमतिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची-७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ।

**२५. <u>अनुमतिपत्र दस्तुरः</u>** यो नियमावली बमोजिमको जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची-८ मा तोकिए बमोजिमको अनुमतिपत्र दरखास्त बुझाउनु पर्नेछ।

२६. **<u>अनुमतिपत्र नवीकरण गर्नः</u>**

(१) यो नियमावली बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा नवीकरण दस्तुर लाग्नेछ।

(२) प्रत्येक वर्ष अनुमतिपत्र नवीकरण गराउँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची-८ मा तोकिए बमोजिम नवीकरण दस्तुर लाग्नेछ।

२७. **<u>अनुमतिपत्र विक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने :</u>**

(१) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुकतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सम्वन्भीत गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमति पत्र अन्य ब्यक्ति वा संगठित संस्थाको नाउँमा विक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृत दिन सक्नेछ।

२८. **<u>जलविद्युतको लागी जलस्तको उपयोग:</u>**

(१) नियम ११ मा जुनसुकै का लेखिएको भए तापनि जलविद्युत उत्पादन गर्नको लागी जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमति पत्रको सम्वन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) जलविद्युत उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य व्यवस्था यस नियमावलि बमोजिम हुनेछ।

२९. <u>गाउँपालिकाले जलस्रोतको उपयोग वि विकास गर्न सक्नेः</u>

(१) गाउँपालिका आफुले कुनै जलस्रोतको उपयोग वा विकास गरन यस ऐनको कुनै व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

(२) कसैले यस ऐन बमोजिम उपियोग गर्को जलस्रोत र सो सँग सम्बन्धीत जग्गा, भवन, उपकरण तथा संरचना व्यपाक सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोग गर्दा सम्बन्धीत जग्गा भवन वा संरचना वापत गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ।

(४) उपनियम (३) बमोजिम दिईने क्षतिपूर्तिको रकम उपनियम (२) बमोजिम नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मूल्य त्यसमा भएको टुट्फुट र साधारण प्रयोगबाट भएको ह्रास कटाई सो को आधारमा निर्धारण गर्नेछ ।

३०. <u>गाउँ जलस्रोत समितिको गठनः</u>

(१) गाउँ भित्र रहेको जलस्रोतको उपयोगको लागि नियमावली को नियम ४ को उपनियम (१ ) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकामा देहाय बमोजिम गाउँ जलस्रोत समिति रहनेछ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| ग. गाउँमा सञ्चालित विद्युत आयोजनाको प्रतिनिधि मध्य एक जना | सदस्य |
| घ. कृषी शाखा प्रमुख | सदस्य |
| ङ. वन शाखा प्रमुख | सदस्य |
| च. खानेपानी शाखा | सदस्य |
| छ. सिचाई शाखा | सदस्य |
| ज. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| झ. गाउँपालिकाको अधिकृत वा तोकेको सहायक स्तरको कर्मचारी फोकल पर्सन | सदस्य सचिव |

३१. <u>गाउँ जलस्रोत समितिको बैठक सम्बन्धीः</u>

१) गाउँ जलस्रोत समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

२) बैठकको अध्यक्षता गाउँ जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा गाउँ जलस्रोत समितिको सदस्यहरुको आफूमध्येबाट छानेको ब्यक्तीले बैठकको अध्यक्षता गर्नेछ।

३) गाउँ जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिश सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

४) गाउँ जलस्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुदाँ उपस्थित सदस्य संख्याको दुई तिहाइ स्दस्यहरुको मतलाई गाउँ जलसरोत समितिको निर्णय मानिनेछ।

५) गाउँ जलस्रोत समितिको निर्णय गाउँ जलस्रोत समितिको सचिवद्रारा प्रमाणित गर्नेछ।

६) गाउँ जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि गाउँ जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**३२. गाउँ जलस्रोत समितिको सचिवालय:** गाउँ जलस्रोत समितिको सचिवालय प्रमुख प्रशासकीय अधिकृतको कार्यालयमा रहनेछ।

**३३. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने:**

१) गाउँपालिकाले नियम ११ को उपनियम १ वा २ बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भइसकेपछि आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ।

२) उपनियम १ बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धीत उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफूले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धीत उपभोक्ता संस्थाले गर्नेछ।

**३४. जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने:** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी संगठित सस्था वा ब्यक्तीसित प्रचलित कानुनको अधीनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजि जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ।

**३५. सेवा उपभोगता शर्तहरु तोक्न र सेवा शुल्क असुर उपर गर्न पाउने:**

१) अनुमति प्राप्त ब्यक्ती वा संस्थाले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुर उपर गर्न सक्नेछ।

२) गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा कसैलाई उपलध गराए वापतको सेवा शुल्क आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची-९ मा तोकिए बमोजिम असूलउपर गर्न सक्नेछ।

**३६. सेवा रोक्न सक्ने:** सेवा उपभोग गरेवापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयेग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सक्नेछ।

**३७. अरुको घरजग्गामा प्रेवश गर्न सक्ने:** गाउँपालिका वा अनुमति प्राप्त व्यक्तीले जलस्रोतको गाउँपालिका वा अनुमति प्राप्त व्यक्तीले खटाएको कर्मचारीले सम्बन्धित व्यक्ति पूर्ब सूचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ। त्यसरी प्रेवश गर्दा कूनै हानी नोक्सानी हुन गएमा गाउँपिलका वा अनुमति प्राप्त व्यक्तिले

तोकिए बमोजिम क्षतिपुर्तीद दिनुपर्ने छ। तर कूनै घरजग्गामा जलस्रोतको अधिकृत उपयोग वा दुरुपयोग गरीरहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा दुर्घटनाबाटद बचाउन पूर्ब सूचना बिना कूनै त्यस्तो कर्मचारीले सम्बन्धित घरजग्गा प्रवेश गर्न सक्नेछ।

**३८. <u>जलस्रोतको उपयोगसँग सम्बन्धीत संरचनाको सुरक्षाः</u>** १) जलस्रोत उपयोगितासंग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तीको अनुरोधमा वा स्वयं व्यक्तीले आवश्यक ठानेमा गाउँपालिले सुरक्षा प्रवन्ध गर्न सक्नेछ।

२) उपनिय १ बमोजिम अनुमति प्राप्त व्यक्तीको अनुरोधमा प्राप्त व्यक्तीले व्पहोर्ने छ।

**३९. <u>जलस्रोत प्रदुषित गर्न नहुनेः</u>**

१) गाउँपालिका राजपत्रमा सुचना प्रकाशित गरी जलस्रोतको प्रदुषण सहन सिमा तोक्न सक्नेछ।

२) उपनियम (१) बमोजिम तोकिएको जलस्रोतको प्रदुषण सहन सिमा नाघ्ने गरी कसैलाई पनी कुनै किसिमको फोहरमैला औद्यगिक निकास विष रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोत दुषित गर्न हुदैन।

३) जलस्रोत प्रदुषित भए नभएको वा कुन जलस्रोत उपयोगको सम्बन्धमा नियम (३९) को उपनियम (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकीएको अधिकारीले आवश्यकता अरुनुसार परीक्षण गर्न गराउन सक्नेछ।

**४०. <u>वातावरणमा उल्लेखनिय प्रतिकुल असर पार्न नहुनेः</u>** जलस्रोतको उपयोग गर्दा भु-क्षय हुने बाढी पहिरो वा यस्तै अरु कारणद्रारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरि गर्नुपर्नेछ।

**४१.<u> अनुमति खारेज गर्न सकिनेः</u>**

१) अनुमति प्राप्त व्यक्तिले यो नियमावली अन्तर्गत बनेको अन्य कार्यबिधि निर्देशिका विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

२) उपनियम १ बमोजिम तोकिएको अवधिभित्र अनुमति प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारिले त्यस्तो व्यक्तीले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ।

३) उपनियम २ बमोजिम अनुमति खारेज गर्न अवधि तोकिएको अधिकारिले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तीलाई मुनासिव सफाई पेश गर्ने मौका दिनुपर्नेछ।

४) कुनै जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्बन्धमा ऐनको दफा ३९ उपनियम १ बमोजिम गुणस्तर भए नभएको परिक्षण गर्ने गराउने अधिकार गाउँ जलस्रोत समितिले तोकेको अधिकारीलाई हुनेछ।

५) उपनिय १ २ र ३ बमोजिम सजाय गर्ने अधिकार गाउँ जलस्रोत समिति वा समितिले तोकेको अधिकारीलाई हुनेछ।

## परिच्छेद-५

## जलस्रोत उपयोगको विवाद सम्बन्धी जाचँबुझ

### ४२. जलस्रोत उपयोग जाचँबुझ समितिः

१) मा उपयो गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानाको लागि देहाय बमोजिको एक जलस्रोत उपयोग तथा जचाँबुझ समिति रहनेछ

| | |
|---|---|
| क) प्रतिनिधि वातावरण तथा विपद व्यवस्थापन समिति | अध्यक्ष |
| ख) सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य | सदस्य |
| ग) प्रतिनिधि योजना शाखा | सदस्य |

२) दुई वा दुई भन्दा बढी वडाहरु वीच जलस्रोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उपनियम १ को ख बमोजिम बिवादंसंग सम्बन्धित प्रत्येक वडा समितिको १।१ जना प्रतिनिधि रहनेछन्।

३) उपनियम १ बमोजिमको जलस्रोत उपयोग जाचँबुझ समितिले जलस्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा छुट्टै कार्यबिधि तर्जुमा नभएसम्म विवादको निरुपण गर्दा देहायको कार्यबिधि अपनाउनेछ।

क) जलस्रोत उपयोगबाट लाभान्भित हुने स्थानीय व्यक्तीहरु बाहेक जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुन परीयोजना संचालनबाट स्थानीय व्यक्तीहरुलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेका सम्बन्धित अनुमति प्राप्त व्यक्ती संग सस्थां तथा स्थानीय व्यक्तीहरु लाई छुट्टा छुट्टै वा सामुहिक पदमा आफ्नो दावी पुष्टयाई हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिव माफीको म्याद तोकिदिनुपर्ने छ।

ख) खण्ड क बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजना स्थल समेतको स्थलगत अध्ययन गरि मुख्यतयाः देहायको विषयमा जानकारी लिनुपर्ने छ।

अ) परियोजनाको कुल खर्च

आ) परियोजनाबाट हुने फाईदाको स्तर

इ) आयोजना संचालन गर्दा सम्बन्धित जलस्रोत उपयोग गरिरहेका व्यक्ती वा समुहलाई पर्न सक्ने असर

ई) परियोजनाबाट लाभान्भित हुने उपभोक्ताको संख्या

उ) परीयोजना संचालन गर्दा वातावरण पर्ने प्रभाव

ऊ) स्थानीय जनताको आवश्यकता

ए) परियोजनाबाट लाभान्भित हुने उपभोक्ताहरु को प्रतिक्रया

ऐ) अन्य आवश्यक कुराहरु

ग) खण्ड ख मा उल्लेख भएका विषयहरु मा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोत लाभदायक उपयोग भए नभएको र सो जलस्रोत पाउने नपाउने कुराको निर्धारण गर्नु पर्ने छ।

घ) उपनियम ३ को खण्ड ग बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाचँबुझ समितिले शर्तहरु समेत तोक्ने सक्नेछ।

## परिच्छेद -६

## सेवा शुल्क सम्बन्धी

४३. **वार्षिक शुल्कः** अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरि अन्य व्यक्तीहरु लाई व्यापारिक प्रयोजएनको लागि सेवा उपलब्ध गराए वापत गाउँपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसुची-९ मा तोककए बमोजिम हुनेछ।

४४. **सेवा शुल्क निर्धारण समितिः**

१) गाउँपालिकाले गरेको जलस्रोत उपयोगको सेवा शुल्क निर्धारण गर्न निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्तालाइ अतिरिक्त शुल्कको दर निर्धारणगर्न देहाय बमोजिमको सेवा शुल्क निर्धारण समिति रहनेछ। समितिले निर्धारणगरेको शुल्क आ. व. मा आर्थिक ऐनमा समावेश भई पारीत भएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| क) गाउँपालिकाले तोकेको कार्यपालिकाको सदस्य | अध्यक्ष |
| ख) उपभोक्ता मध्येबाट गाउँपालिकाले तोकेको व्यक्ती | सदस्य |
| ग) गाउँपालिका सम्बन्धित शाखा हेर्ने कर्मचारी सदस्य | सचिव |

२) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यबिधि समितिले स्व्वयं निर्धारण गर्न सक्ने छ।

३) उपनियम१ बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क तोक्दा ह्यास कट्रटी दर उपयुक्त लाभ संचचनाको प्रकृति उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कूराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ।

४५. **सेवा शुल्क बुझाउनु पर्नेः** जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरेबापत नियम ४४ को उपनियम ३ बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ ।

## परिच्छेद-७

## घरजग्गा प्राप्ति तथा क्षतिपुर्ती सम्बन्धी व्यवस्था

४६. **निवेदन दिनुपर्नेः** नियमावलीको नियम १० कोउपनियम १ बमोजिम जलस्रोत उपयोगको लागि कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तीले गाउँपालिका समक्ष अनुसुची-१० बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

४७. **परीयोजनाको स्थल वरीपरीको जग्गा प्रयोग गर्न सक्नेः**

१) ऐनको नियम १० को उपनिय-३ को प्रयोजनको लागि गाउँपालिकाले जलस्रोतको उपयोग सम्बन्धी परियोजनाको किसिम बनोट क्षमता आदि कुराहरु लाई ध्यानमा राखी त्यस्तो परीयोजना क्षेत्रभित्रका घर जग्गा कुनै खास कामको लागि अरु कसैले प्रयोग गर्न नपाउने गरी निश्चित दुरी तोकी निषेध गर्न सक्नेछ।

२) उपनियम १ बोजिम निषेध गरिएको सुचना गाँउपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परीयोजना क्षैत्रको मुख्य मुख्य ठाउँ परियोजना कार्यालयमा सम्बन्धीत वडा वा गाउँपालिका लगायत अन्य सम्बन्धीत कार्यालयमा समेत टाँस्न लगाउनु पर्नेछ।

## ४८. क्षतिपुर्ती दिइनेः

१) नियम ४६ बमोजिम घरजग्गा प्रयोग निषेध गरिएको कारणबाट सम्बन्धीत व्यक्तीलाई भएको हानी नोक्सानी वापत दिईने क्षतिपुर्तीको रकम नियम ४८ को उपनियम-२ बमोजिम गठित क्षतिपुर्ती निर्धारण समितिले निर्णय गरे बमोजिम गठित क्षतिपुर्ति निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ।

२) घर जग्गाको प्रयोगमा थप बन्देज लगाउनुपर्ने अवस्था परेमा बाहेक उपनियम-१ बमोजियम दिईने क्षतिपुर्ति ऐनको रकम सम्बन्धीत व्यक्तीलाई एक पटक मात्र दिईनेछ।

## ४९. क्षतिपुर्ति निर्धारण समितिः

१) नियमावलीको नियम ४८ को उपनियम २ बमोजिम क्षतिपुर्ति ऐनको रकम निर्धारण गर्न देहाय बमोजिमको क्षतिपुर्ति निर्धारण समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाले तोकेको कार्यपालिका सदस्य | अध्यक्ष |
| ख) जलस्रोत उपयोग परियोजनासंग सम्बन्धीत कार्यालयको प्रतिनिधि | सदस्य |
| ग) गाउँपालिकाले तोकेको जलस्रोत विज्ञ | सदस्य |
| घ) हानी नोक्सानी भएको सम्पतिको धनी वा निजको प्रतिनिधि | सदस्य |
| ङ) मालपोत शाखाको प्रतिनिधि | सदस्य |
| च) क्षति भएको वडाको वडाध्यक्ष वा निजले तोकेको प्रतिनिधी | सदस्य |

२) उपनियम १ बमोजिमको क्षतिपुर्ति ऐनको रकम निर्धारण गर्दा प्रत्यक्ष रुपमा वास्तविक हानी नोक्सानीको मूल्यांकन गरी निर्धारण गर्नुपर्नेछ ।

३) क्षतिपुर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यबिधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद - ८
## विविध

**५०. <u>सहयोग पुर्याउनु पर्ने:</u>** आफ्नो कार्यसम्पदानको सिलसिलामा गाउँ जलस्रोत समितिले जलस्रोतसंग सम्बन्धित निकायबाट आवश्यकता अनुसारका तथ्यांकहरु माग गर्न सक्नेछ र माग भएका तथ्यांकहरु उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**५१. <u>दुर्घटनाको सूचना:</u>**

१) अनुमतिपत्र प्राप्त व्यक्तीले जलस्रोतको उपयोग सम्बन्धी कुन काम गर्दा कुन प्रकारले दुर्घनटना वा नोक्सानि भएमा गाउँ जलस्रोत समितिलाई तुरुन्त सूचना दिनुपर्नेछ।

२) उपनिय-१ बमोजिमको सुचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाको कारण पत्ता लगाउन गाउँ जलस्रोत समितिले आवश्यक निरिक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहरीन अपनाउनुपर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति प्राप्त व्यक्तिलाई आदेश पालना गर्न सम्बन्धित अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

**५२. <u>गाउँपालिकाले निर्देशन दिन सक्ने:</u>** गाउँपालिकाले जलस्रोतको उपयोग सम्बन्धमा गाउँ जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु गाउँ जलस्रोत समितिको कर्तव्य हुनेछ।

**५३. <u>दण्ड सजाय:</u>**

(१) कसैले यो नियमावली वा यस अन्तर्गत बनेका अन्य कार्यविधि वा निर्देशिकाको उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ । र त्यस्तो कसुरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(२) कसैले यस नियमावली बमोजिम निजलाई अनुमतिपत्र लिनुपर्नेमा सो नइन वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयासम्म जरिवाना र त्यस्तो काम बन्द गराउन सक्नेछ।

(३) यस नियमावली बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असूल गरी निजलाई विगो बमोजिमको जरिवाना समेत गर्न सक्नेछ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुर्याएमा वा त्यस्तो कुनै काम कुराको दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा

निजबाट हानी नोक्सानीको बिगो असुल गरी निजलाई प्रचलित कानून बमोजिम जरिवाना, कैद वा दुवै सजाय हुनेछ।

**५४. <u>पुनरावेदनः</u>** नियम ५३ बमोजिम दिएको क्षतिपूर्तिको रकममा वा निय ४१ को उपनियम १, २ वा ३ बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतिस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

**५५. <u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः</u>** गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

**५६. <u>अरुको घर जग्गाको उपयोग वा प्राप्तीः</u>**

(१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक पर्मा अनुमति पत्र प्राप्त व्यक्तिले गाउँपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

क. बाँध वा तट्बन्ध बाँध्न

ख. नहर, कुलो वा सुरुङ खन्न

ग. जमिन मुनि वा माथि पानीको ट्याङ्की बनाउन वा पाइप लाइन विछ्याउन

घ. पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,

ङ. जलस्रोतको विकाससँग सम्बन्धित अरु आवश्यक निर्माण कार्य गर्न।

(२) उपनियम १ बमोजिम निवेदन प्राप्त भएमा गाउमापालिकाले आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम संगठित संस्थालाई सरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ।

क. खानेपानी, सिँचाई, जल यातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्बन्धि उपयोग र जलस्रोतको यस्ता अन्य उपयोग,

ख. जलस्रोत संरक्षण, बाढी नियन्त्रण, पहिरो रोकथाम,

ग. वातावरण संरक्षण,

घ. जलस्रोत उपयोग गरे वापत गाउँपालिकालाई बुझाउनु पर्ने शुल्क, दस्तुर सम्बन्धी,

ङ. जलस्रोत उपयोगका विभिन्न तरिकाहरु,

च. जलस्रोतको प्रदुषण रोक्ने विषयहरु,

छ. जलस्रोत उपयोग सम्बन्धी सेवाको स्तर निर्धारण,

ज. जलस्रोत उपयोगबाट हुन सक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्ति,

झ. उपभोक्ता संस्था, समिति र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथ उपभोक्ताहरुको हित संरक्षण र सुविधा दिने विषयहरु,

ञ. जलस्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य कुराहरु,

५८. **<u>खारेजी तथा बचाउः</u>** यो नियमावलीका कुनै नियम, उपनियम वा खण्ड प्रचलित संघीय तथा प्रादेशिक कानूनसँग बाझिएको खण्डमा स्वतः खारेज हुनेछन भने नियमावली प्रारम्भ हुनुभन्दा अघिका कानुन बमोजिम गरिएको कामकारबाही यस नियमावली अनुसार भए गरेको मानिनेछ।

## अनुसूची -१
## (नियम ५ सँग सम्बन्धित)
## निवेदन पत्रको ढाँचा

श्री अध्यक्ष ज्यू,

.........................जलस्रोत समिति

सिस्ने गाउँपालिका रुकुमकोट रुकुम (पूर्व)।

महोदय,

हामिले ...........................उपभोक्ता संस्था दर्ता गराउन चाहेकोले सिस्ने गाउँपालिकाको जलस्रोत नियमावली २०७७ को नियम ५ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता समितिको नामः

२. कार्यक्षेत्रः

३. उद्धेश्यः

(क)

(ख)

(ग)

४. सदस्यहको नामः ठेगाना

पेशा

(क)

(ख)

(ग)

(घ)

५. उपयोग गरिने जलस्रोत विवरण

(क) जलस्रोतको नाम (चार किल्ला सहित) भएको ठाउः

(ख) जलस्रोत बाट गरिने प्रयोगः

(ग) उपभोक्ता सदस्यले उपयोग गर्न चाहेको जलस्रोतको परिणाम

(घ) उक्त जलस्रोतको हाल भइरहेको उपयोगः

६. उपभोता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरण

(क) सेवाको किसिमः

(ख) सेवा पुर्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

**७. आर्थिक स्रोतको विवरणः**

**८. कार्यालयको ठेगानाः**

निवेदक

उपभोक्ता संस्थाको तर्फबाट निवेदन दिनेको

सहीः

नामः

पदः

ठेगानाः

मितिः

**अनुसूची- २**

**(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)**

**सिस्ने गाउँपालिका जलस्रोत समिति रुकुम पुर्व**

दर्ता मितिः

दर्ता नम्बरः

मितिः

उपभोक्ता संस्था दर्ता प्रमाणपत्र

श्री.................................................................

.................................................................सम्बन्धित उपभोत्ता संस्थाको नाम

.................................................................... नाम.......................लाई................... सिस्ने गाउँपालिकाको जलस्रोत नियामावली २०७७ को दफा ८ को उपदफा (१) बमोजिम.................. साल ............................ महिना .................. गते सिस्ने गाउँपालिकाको जलस्रोत नियामावली २०७७ बमोजिम आफ्नो कार्य संचालन गर्ने गराउने गरी देहाय बमोजिम उपयोगका लागि यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

१. उपयोग गरिने जलस्रोत विवरणः

(क) जलस्रोतको नाम चार किल्ला सहित भएको ठाँउः

(ख) जलस्रोत बाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्ने चाहेको जलस्रोतको परिणामः

२. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुर्याउने क्षेत्रः

(ग) सेवाबाट लाभाम्वित हुने उपभोक्ताको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्ने सकिने सम्भावनाः

सहीः

नामथरः

पदः

## अनुसूची – ३
## नियम १३ को उपनियम १ सँग सम्बन्धित
## जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त

मिति.........................

श्री अध्यक्ष ज्यु
सिस्ने गाउँपालिका जलस्रोत समिति
रुकुम पुर्व

जलस्रोत उपभोगको निम्ति सर्वेक्षण गर्नेको लागि अनुमतिपत्र पाउन सिस्ने गाउँपालिकाको जलस्रोत नियमावली २०७७ को नियम १३ बमोजिम देहायको विवरण खुलाइ यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम ठेगानाः
२. उदेश्यः
३. सर्वेक्षण गर्ने क्षेत्रः
४. सर्वेक्षण गर्ने लाग्ने अनुमानित खर्च रुः पुस्टयाइ विवरण संलग्न गर्नुपर्नेछ
५. सर्वेक्षण गर्ने विधिः
६. अन्य विवरणहरुः सिस्ने गाउँपालिकाको जलस्रोत नियमावली २०७५ को नियम १३ बमोजिम
७. माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुटा ठहरे कानून बमोजिम सहँला बुझाउला ।

संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको

नामः
सहीः
पदः
ठेगानाः

**अनुसूची ४**
**नियम १५ सँग सम्बन्धित**
**सिस्ने गाउँपालिका जलस्रोत समिति**
**रुकुम पुर्व**

जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र
अनुमति पत्र संख्याः

मिति...............................

श्री.......................................................
..............................................................

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोलि सिस्ने गाउँपालिकाको जलस्रोत नियमवली २०७७ को नियम १५ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पुरा ठेगानाः
२. जलस्रोत सर्वेक्षणको उदेश्यः
३. जलस्रोत सर्वेक्षणको क्षेत्रः
४. सर्वेक्षण गर्ने अवधीः
५. अनुमति पत्र बहाल रहने अवधीः

अनुमतिपत्र दिने अधिकारीको

नामः
सहीः
पदः

## अनुसूची- ५
## (नियम १७ सँग सम्बन्धित)
## जलस्रोत उपयोग अनुमति पत्रको लागि दस्तखत

मिति.........................................

श्री अध्यक्ष ज्यु,
सिस्ने गाउपालिका जलस्रोत समिति
रुकुम पुर्व

जलस्रोत उपयोगको निम्ति अनुमति पाउन जलस्रोत नियमावली २०७७ को नियम १७ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा सांगठनिक संस्थाको नाम र ठेगानाः
२. उदेश्य.
३. उपयोग गर्ने खोजेको जलस्रोतको परिमाण र उपषोग गर्ने प्रयोजनः
४. प्रस्तावित जलस्रोतको मुहान रहेको (चार किल्ला) र उपयोग गर्ने ठाँउः
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाँउको क्षेत्रफलः
६. प्रस्तावित उपयोगबाट हुनसक्ने सम्भावित लाभः
७. प्रस्तावित सेवाबाट लाभाम्वित हुन सक्ने उपभोक्ता संख्याः
८. जलस्रोत उपयोगका लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः
९. जलस्रोत उपयोग गर्ने तरिकाः
१०. जलस्रोतको हाल भएको उपयोग र भविश्यमा हुन सक्ने उपयोगः
११. अन्य विवरण

माथि उल्लेखित व्यहोरा ठिक साचो छ झुटा ठहरे कानून बमोजिम संहुला बुझाउला ।
संगठित संस्था भए सो संस्थाको छाप
सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको

नामः
सहीः
पदः

**अनुसुची- ६**

**नियम २० सँग सम्बन्धित**

**सिस्ने गाउँपालिका जलस्रोत समिति**

**रुकुम पुर्व**

मिति..............................................

श्री ......................................................

......................................................................

महाशय,

तपाइलाई जलस्रोत  उपयोग गर्न पाउने गरी देहायको विवरण खोली सिस्ने गाउपालिका जलस्रोत नियमावली २०७७ को नियम २० बमोजिम यो अनुमितपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. जलस्रोत उपयोगको उदेश्यः

३. जलस्रोतको नाम,किसिम र रहेको स्थान (चार किल्ला सहित)

४. उपयोग गर्ने पाउने जलस्रोतको परिमाणः

५. जलस्रोत उपयोगको क्षेत्रः

६. जलस्रोत उपयोग गर्ने तरिकाः

७. प्रस्तावित परियोजनाबाट लाभाम्वित हुने उपभोक्ताहरुको संख्याः

८. अनुमतिपत्र बहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको

नामः

सही

पदः

**अनुसूची ७**

**नियम २४ को उपनियम २ सँग सम्बन्धित**

**<u>सिस्ने गाउँपालिका जलस्रोत समिति रुकुम पुर्व</u>**

अनुमति पत्र संख्याः

मिति.........................................

श्री .........................................

..................................................................

महाशय,

तपाईलाई ...............................................मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरु खुलाई जलस्रोत नियमावली २०७७ को नियम २४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. जलस्रोत उपभोग गर्ने व्यक्ति वा संगठिथ संस्थाको पुरा ठेगानाः
२. जलस्रोत उपयोगसंग सम्बन्धित परियोजनाको नाम र किसिमः प्रत्येक उपयोग संग सम्बन्धित
३. जलस्रोतको नाम र रहेको स्थानः
४. जलस्रोतको उपयोग भएको स्थानः
५. जलस्रोत उपयोग भएको परिणामः
६. प्रदेश .............................. जिल्ला ................................वा गाउँपालिका .............................
७. उपभोक्ता संख्या र त्यसको किसिमः
८. सेवा उपलब्ध गराउन शुरु गरेको मितिः
९. अनुमतिपत्र बहाल रहने अवधीः
११. अन्य शर्तकरुः

अनुमितिपत्र दिने अधिकारीको
नामः
सहीः
पदः

## अनुसूची ८

## नियम १३ को उपनियम २ नियम २५ र २६ को उपदफा २ सँग सम्बन्धित

## अनुमति पत्र दस्तुर

**जलस्रोत उपयोगको किसिमः**

क. खानेपानी र घरेलु उपयोग रु ५००।–

ख. सिचाई रु ५००-

ग. पशुपालन तथा मत्स्यापालन जस्ता कृषिजन्य उपयोग रु १०००।–

घ. घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग रु २०००।–

ङ. जल यातायात रु ५०००।–

च. आमोद उपयोग रु ५०००।_

छ. अन्य उपयोग रु ५०००।–

## अनुसूची- ९
## (नियम ३५ (२) सँग सम्बन्धित)
## जलस्रोत उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क

**१. सिचाईको हकमाः**

क. दुई हजार हेक्टरसम्मको जमिन सिचाई गर्न अधिकतम रु. १०००।–
ख. दुई हजार देखि पाँचहजार हेक्टर सम्मको जमिन सिचाई गर्न रु. २०००।–
ग. पाँच हजार देखि दश हजार हेक्टर सम्मको जमिन सिचाई गर्न रु. ५०००।–
घ. दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमिन सिचाई गर्न रु. १००००।–
ङ. पन्ध्र हजार देखि बीस हजार हेक्टर सम्मको जमिन सिचाई गर्न रु. १५०००।–
च. बीस हजार देखि पच्चिस हजार हेक्टर सम्मको जमिन सिचाई गर्न रु. २०,०००।–
छ. पच्चिस हजार हेक्टर भन्दा माथिको जमिन सिचाई गर्न रु. २५०००।–

**२. खानेपानीको हकमाः**

क. एक सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. ५००।–
ख. दुई सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. १०००।–
ग. तिनसय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. १५००।–
घ. पाँच सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. २०००।–
ङ. सात सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. २५००।–
च. एक हजारसम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. ३०००।–

३. कृषिजन्य उपभोक्ताका लागि रु. २ हजार देखि रु. २० हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा।

४. घरेलु उधोगका लागि रु. २ हजार देखि रु. २० हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु. ५ हजार देखि रु. ५० हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा।

६. अमोद प्रमोदजन्य प्रयोगका लागि रु.१ हजार देखि रु. १० हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा।

७. जल विद्युतको लागि प्रति किलोवाट रु. १०० का दरले।

८. अन्य प्रयोगका लागि रु. ५ हजार देखि रु. १० हजार सम्म वार्षिक कारोबारका आधारमा।

**अनुसुची १०**

**नियम ४५ सँग सम्बन्धित**

**<u>जग्गा उपभोग वा प्राप्तिका लागि दरखास्त</u>**

मिति ......................................

श्रीमान अध्यक्षज्यु
जलस्रोत समिति सिस्ने गाउपालिका
रुकुम पुर्व

महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नेको लागि तपसिलमा उल्लेखित घरजग्गा उपयोग गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले नियमानुसार उपयोग गर्ने पाउने गरी वा प्राप्त गराइ पाउन यो दरखास्त पेश गरेको छु।

**<u>तपसिल</u>**

१. आवश्यक जग्गाको चार किल्ला खुल्ने विवरण
२. जग्गाको स्वामित्व खुल्ने प्रमाण कागजात तथा सम्बन्धित वडा कार्यालयको सिफारिस
३. जग्गाको उपयोग प्रयोजन खुल्ने कागजात

संगठित संस्था भए उक्त संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको

नामथरः
सहीः
पदः
ठेगानाः